म.जि. प्र. का. द.नं. : १७६/०६८, वर्ष ११, अंक १२१ बिहीबार, २३ मंसिर २०७८ षष्ठी ने. सं. ११४२ थिंलाथ्व 9 December, 2021 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

साझाकुरा

www.sajhakuranews.com राष्ट्रिय दैनिक

## थाहा नगर फाइनल प्रवेश

हेटौंडा/हेटौंडामा संचालन भइरहेको अन्तरपालिका मकवानपुर जिल्ला स्तरिय फुटबल प्रतियोगितामा थाहा नगरपालिका फुटबल टिम फाइनलमा प्रवेश गरेको छ ।

हेटौंडाको हुप्र चौरमा बुधबार भएको प्रतियोगितामा थाहा नगरपालिकाले भिमफेदी गाउँपालिकालाई २-१ गोल अन्तरले पराजित गर्दै फाइनलको यात्रा तय गरेको हो । भिमफेदी विरुद्ध थाहानगरको तर्फबाट रोशन बल र सन्देश बलले १/१ गोल गरेका थिए । थाहा नगर फुटबल टिमले फाइनल खेल बिहीबार हुने हेटौंडा उपमहानगर र बागमती गाउँपालिका बीचको सेमिफाइनल खेलको बिजेतासँग हुनेछ ।

प्रतियोगिताको विजेता तथा उपविजेता टिमले क्रमश: २ लाख र १ लाख रुपैयाँ प्राप्त गर्नेछन् । सर्वोत्कृष्ट खेलाडीले ५ हजार रुपैयाँ तथा विधागत अन्य उत्कृष्ट खेलाडी तथा प्रशिक्षकले जनही ३/३ हजार रुपैयाँ पुरस्कार प्राप्त गर्नेछन् । मकवानपुरमा पहिलो पटक जिल्ला समन्वय समितिले फुटबल प्रतियोगिता संचालन गरेको हो । स्थानीय तहमा खेलकुदको विकासमा टेवा पुग्ने लक्ष्यका साथ प्रतियोगिता आयोजना गरिएको जिससको दाबी छ ।

# हेटौंडामा २० औं भाट-भटेनी

साझाकुरा संवाददाता

हेटौंडा/हेटौंडामा भाट-भटेनी सुपर स्टोर बुधवारदेखि सञ्चालनमा आएको छ । हेटौंडा उपमहानगरपालिका-२, चौकीटोलमा नेपालकै ठूलो चेन सुपर मार्केट भाट-भटेनीले सेवा सुरु गरेको हो ।

भाट-भटेनी सुपर स्टोरको २० औं शाखाको रुपमा सेवा सुरुवात गरेको पहिलो दिनमै सर्वसाधारणहरुको बाक्लो भिड लागेको छ । बिहान ९ बजेदेखि नै सुरु भएको सर्वसाधारणको आवतजावत साँझ ८ बजेसम्म पनि कायमै थियो । भाट-भटेनी सुपर स्टोरमा सामान खरिद गर्नेदेखि फोटो खिचाउन सर्वसाधारणहरु व्यस्त थिए ।

हेटौंडामा पहिलो पटक यतिठूलो सुपर मार्केट खुलेको खबर पछि अधिकांश सर्वसाधारण यसको अवलोकनका लागि पनि आएका थिए । धेरै सर्वसाधारणले भाट-भटेनी सुपर स्टोरको तलोतलादेखि माथिल्लो तलासम्म अवलोकन गर्नुका साथै फोटो खिचाउन व्यस्त थिए । शुभारम्भको दिन बुधबार बिहानदेखि साँझसम्म करिब ३० हजारले अवलोकन गरेका थिए ।

२० औं स्टोरको औपचारिक समारोहका बीच भाटभटेनी सुपर मार्केटका अध्यक्ष मीनबहादुर गुरुङले शुभारम्भ गरेका छन् । हेटौंडा-१ का वडाका बासिन्दाले अध्यक्ष गुरुङसहित स्टोरका टिमलाई खादा र पुष्पगुच्छा दिएर स्वागत गरेका थिए । हेटौंडा-१ का वडा अध्यक्ष सबिन न्यौपानेको नेतृत्वमा रहेको स्थानीयको टोलीले स्थानीयस्तरमा भाट-भटेनीका कारण आर्थिक गतिविधि चलायमान हुने र रोजगारी सृजना गर्ने कार्यमा सकारात्मक भूमिका खेल्ने भएको भन्दै स्वागत तथा सम्मान व्यक्त गरिएको थियो ।

अध्यक्ष गुरुङले स्वदेशमै अन्तराष्ट्रिय स्तरको सपिङ सुविधाको अनुभव गराउँदै युवाहरुलाई रोजगारी प्रदान गर्ने उद्देश्यले व्यवसायलाई प्रवर्द्धन गर्दै अगाडि बढेको बताएका छन् । उनले देशका सबै प्रदेश तथा मुख्य शहरहरुमा स्टोर विस्तार गर्ने अभियान रहेको बताए । 'भाटभटेनीलाई सातै प्रदेशका मुख्य शहरमा पुऱ्याउने लक्ष्य लिएका छौं । यहाँ स्थापना भएको स्टोरले हेटौंडामा सुपर मार्केटको सेवासँगै आर्थिक चलायमान हुनुका साथै पर्यटनमा पनि टेवा पुग्ने हाम्रो विश्वास छ ।,' उनले भने ।

शुभारम्भको अवसरमा ग्रोसरी, लत्ता-कपडालगायत सम्पूर्ण सामानमा १० प्रतिशत र विद्युतीय सामग्रीमा २० प्रतिशत छुट उपलब्ध रहेको भाटभटेनी सुपर मार्केटका बजार व्यवस्थापक बिनोद भट्टराईले जानकारी दिए । हेटौंडाको मुख्य सहरबाट करिब ४ सय मिटर पूर्वमा रहेको स्टोर करिब १४ कठ्ठा क्षेत्रफलमा निर्माण भएको अध्यक्ष गुरुङले जानकारी दिएका छन् । उनले डेढ अर्ब लागत लागेको बताए । स्टोरमा स्थानीय करिब २ सय जनाले रोजगार प्राप्त गर्ने गुरुङले बताए । स्टोरमा कुल क्षेत्रफल १ लाख ३४ हजार वर्गफिटका २ वटा बेसमेन्टसहित ८ तले भवन रहेको र दुबै बेसमेण्टमा पार्किङको व्यवस्था रहेको जनाइएको छ ।

स्टोरको तलो तलामा खाद्यान्न, फलफूल, हरियो तरकारी, फ्रोजन आइटम, हाउस होल्डका सामान र कस्मेटिक सामग्री बिक्रीका लागि राखिएका छन् । पहिलो तलामा किचनवेयर, भाँडाकुँडा, बालबालिकाका खेलौना र शृंगारका सामग्री राखिएको छ । दोस्रो तलामा महिला र पुरुषका तयारी गार्मेन्ट, सारी, कुर्ता लगाएतका ब्राण्डेड फेन्सी सामग्री राखिएको छ । तेस्रो तलामा जुत्ता-चप्पल लगायतका फुटवेयर सामग्री राखिएका छन् । तेस्रो तलामै विभिन्न कम्पनीका टीभी, फ्रिज, वासिङ मेसिन, माइक्रो ओभन, भ्याकुम क्लिनर जस्ता इलेक्ट्रोनिक्स सामग्री राखिएको छ ।

चौथो तलामा क्यू एन्ड यू कम्पनीका फर्निचर राखिएको छ । भाटभटेनीमा केएफसी र पेपे पिजाले पनि सेवा शुभारम्भ गरेको छ । सुपर मार्केटका चिफ अपरेटिङ अफिसर पानु पौडेलले निकट भविष्यमै क्यूएफएक्स पनि सञ्चालनमा आउने बताए । भाटभटेनीको यात्रामा कोभिड-१९ बाधक बनेपनि बिस्तारै गति लिन थालेको अध्यक्ष गुरुङले सुनाए । भाट-भटेनीले यसअघि कोभिड महामारीका समय देश र जनतालाई समस्या परेको महसुस गर्दै भाभटेनी सुपर मार्केटले सातै प्रदेशलाई २५-२५ लाख सहयोग प्रदान गरेको थियो ।

हेटौंडापछि विरगञ्ज, जनकपुर, बिर्तामोड र धनगढीमा भाट-भटेनीले अर्को शाखापनि विस्तार गर्न लागेको जनाइएको छ । हालसम्म सञ्चालनमा आएका २० ओटा स्टोरमा करिब ८ हजार कार्यरत रहेका छन् । यसअघि भाट-भटेनीको भक्तपुर,ललितपुर, काठमाडौं, धरान, विराटनगर, चितवन, पोखरा, बुटवल र भैरहवालगायत सहरमा शाखा सञ्चालन गरि सकेको छ ।

### स्थानीयद्वारा स्वागत, सम्मान



हेटौंडा/आफ्नो क्षेत्रमा भाट-भटेनी स्थापना गरेको भन्दै हेटौंडा-१, २ का स्थानीय बासिन्दाले संचालक मिनबहादुर गुरुङलाई स्वागत, सम्मान गरेका छन् ।

बुधबार भाट-भटेनी उद्घाटनका हुने अगावै हेटौंडा १ का वडा अध्यक्ष सबिन न्यौपानेको नेतृत्वमा स्थानीयले संचालक गुरुङलाई फुलगुच्छा दिँदै, खादा लगाएर स्वागत सम्मान गरेका हुन् । भाट-भटेनीले चौकीटोलाई छुट्टै पहिचान र समग्र जिल्लाको आर्थिक विकासमा थप टेवा पुऱ्याउने स्थानीयले विश्वास व्यक्त गरेका छन् ।

स्थानीयले स्वागत गरेको प्रति धन्यवाद व्यक्त गर्दै संचालक गुरुङले चौकीटोलमा थप सहयोगका कार्यक्रम अघि बढाउन आफु तत्पर रहेको प्रतिबद्धता जनाए ।

### केएफसीको १३ औं शाखा खुल्यो

हेटौंडा/हेटौंडामा अन्तराष्ट्रिय फुड चेन ब्रान्ड केएफसीले तेह्रौं शाखा विस्तार गरेको छ ।


हेटौडा उपमहानगर-पालिका-२, चौकीटोलस्थित भाट-भटेनी सुपर स्टोरमा केएफसीले सेवा सुरु गरेको हो । केएफसी रेष्टुरेन्ट विश्वमै सबैभन्दा स्वादिष्ट चिकेन परिकारको उपलब्ध गराउने रेस्टुरेन्टका रुपमा परिचित छ ।

यस आउटलेटमा केएफसीका विभिन्न चिकेन परिकार लगायत बर्गर र अन्य परिकारको आनन्द लिन सकिने जनाइएको छ । केएफसीले आफ्ना ग्राहकका लागि विभिन्न स्वादिष्ट परिकारहरु उपलब्ध गराउँदै कोरोना रोकथामका लागि सुरक्षा नीतिसमेत अवलम्बन गरेको छ ।









साझाकुरा

## हाम्रो कुरा

# निर्माणमा तीब्रता दिइयोस्

सडक, पुल, विद्युत्, विमानस्थल, भवन, खानेपानी, सिंचाई सबै क्षेत्रका विकास निर्माणका कामहरु निर्धारित समयमा सम्पन्न हुने गरेका छैनन् भने आयोजना गुणस्तरहीन बन्ने गरेका छन् । सरकारले विभिन्न भौतिक संरचना निर्माणका लागि सार्वजनिक बोलपत्र आह्वान गरेर निर्माणको ठेक्का दिन्छ । ठेक्का पाउने कम्पनीले केही प्रतिशत अग्रिम भुक्तानी लिन्छ तर, समयमा काम सम्पन्न गर्दैन । सम्पन्न भएका कामको गुणस्तर पनि ज्यादै खराब हुन्छ । सरकारी लगानी रहने अधिकांश विकास निर्माणका आयोजनामा अनावश्यक ढिलाई हुँदा पनि सरकारले निर्माणको जिम्मा लिनेलाई उचित कारबाही गर्न नसक्दा यो क्रम बढ्दै गएको छ । समयका काम नगर्ने, गुणस्तरहीन निर्माण गर्ने कम्पनीले नै धेरै ठेक्का पाइरहेको अवस्था झनै विडम्बनापूर्ण छ ।

केही महिनापहिले गृहमन्त्री रामबहादुर थापाले विकास निर्माणका आयोजनामा अनावश्यक विलम्ब गर्ने र गुणस्तरहीन काम गर्ने ठेकेदारलाई कारबाही गर्ने घोषणा गरे पनि यो घोषणामै सिमित बनेको छ । सरकारको उक्त घोषणापछि विकास निर्माणका काममा भएका अनियमितता र ढिलासुस्तीबारे धेरै समाचार सार्वजनि भए । तीमध्ये सबैभन्दा बढी चर्चा पप्पु कन्स्ट्रक्सनको भयो । पप्पु कन्स्ट्रक्सनले गरेका अनियमितताको उचित छानविन गरी टुङ्गो लगाउन भने सरकार गम्भीर देखिएको छैन । गुणस्तरहीन काम भएको एउटा सिंचाई आयोजनामा संलग्नलाई मुद्दा दायर गर्नेबाहेक उल्लेख्य कारबाही सरकारबाट भएको छैन । समयमा काम सम्पन्न नगर्ने र गुणस्तरहीन काम गर्ने ठेकेदार कम्पनीलाई कालोसूचीमा राख्ने सामान्य कानूनी व्यवस्था पनि सरकारले गर्न सकेको छैन । यसो हुनुमा ठूला आयोजना हातपार्ने ठेकेदारहरुको राजनीतिक पहुँच मुख्य कारक बनेको छ । राजनीतिक दल तथा नेतृत्वलाई आर्थिक तथा अन्य प्रभावमा पारेर आफ्नो अनुकूल निर्णय गराउन सफल बनिरहेका पहुँचवाला ठेकेदारलाई कारबाही गर्ने हिम्मत सरकारले नदेखाएसम्म सार्वजनिक निर्माणमा देखिएका विकृति अन्त्य हुन सम्भव देखिँदैन । ठेकेदारको पैसा र पहुँचका कारण राजनीतिक नेतृत्वले राज्यको संयन्त्रलाई कमजोर बनाएर ठेकेदारको पक्षमा काम गरिरहँदासम्म सरकारबाट आशा गर्नु बेकार हुनेछ । राजनीतिक पहुँच भएपछि सरकारी निकाय निरीह बनिदिने हो भने ऐन कानूनले जस्तोसुकै सजायको व्यवस्था गरे पनि निरर्थक हुनेछ ।

सार्वजनिक निर्माणको काम समयमा सम्पन्न नहुँदा लागत बढ्ने गर्दछ । गुणस्तरहीन कामले साधन स्रोतको दुरुपयोगमात्र नभई भएका काम चाँडै मर्मत गर्नुपर्ने हुन्छ । गुणस्तरहीन काम र निर्माणमा हुने ढिलाइले आर्थिक गतिविधिलाई सुस्त र अर्थतन्त्रलाई कमजोर बनाउने गर्दछ । यसैले सार्वजनिक निर्माण क्षेत्रको बेथितिलाई हटाउन काममा ढिलाई गर्ने र गुणस्तरहीन काम गर्ने कम्पनीलाई समयमै गुणस्तरीय काम गर्न बाध्य बनाउनुपर्छ । यसो गर्न नसकिएमा तिनलाई दण्डित गरिनुपर्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७८ मंसिर २४ गते शुक्रबार १० डिसेम्बर २०२१ । मार्ग कृष्ण सप्तमी । थिंलाथ्व सप्तमी ११४१ । सूर्योदय ६:४३ र सूर्यास्त ५:०९ मा हुनेछ । अन्तर्राष्ट्रिय मानव अधिकार दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : आफन्तजन भेट | **तुला** | : अध्ययनमा बाधा |
| **वृष** | : भित्रजन भेट | **वृश्चिक** | : धन प्राप्ति |
| **मिथुन** | : प्रेममा सफलता | **धनु** | : शत्रुबाट मुक्त |
| **कर्कट** | : शुभ कार्यको थालनी | **मकर** | : धन नष्ट |
| **सिंह** | : सुख प्राप्ति | **कुम्भ** | : मिष्ठान्न भोजन |
| **कन्या** | : यात्राको योग | **मीन** | : आलश्यता |

# बैंकमा पैसा छैन रे, धमाधम छापेर बाँडे हुँदैन र!



**मुराहरि पराजुली**

> धेरै पैसाले उपलब्ध थोरै वस्तु तथा सेवालाई पछ्याएको अवस्था भनेको चलनचल्तीको पैसाको मूल्यमा गिरावट हो । सबैको हातहातमा मूल्यहीन पैसा हुनु भनेको सबैजना गरिब हुनु हो । मुलुक वा नागरिक धनी हुनका लागि वस्तु तथा सेवाको उत्पादन बढ्नुपर्छ ।

केही महिनायता बैंकहरूमा पैसा अभाव भएको अवस्थालाई इंगित गर्दै अर्थशास्त्र नपढेका एक मित्रले सोझो प्रश्न गरे, 'बैंकहरूसँगै अहिले पैसा छैन रे । पैसा नभएर समस्या भयो भनिँदैछ । हैन यो पनि कुनै समस्या हो र! राष्ट्र बैंकले धमाधम छापेर बाँडे भयो त । हाम्रो नोटमा के जो बाइडेन आएर साइन गर्नुपर्छ र ? हाम्रै गभर्नरले गर्ने हो !' अर्थशास्त्र पढेकैले पनि सोध्न सक्ने यो प्रश्नको उत्तर भने सोझो छैन । हामी स्कुल पढ्ने बेलामा साथीहरूले पैसा छाप्ने विषयमा गरेको कुराकानी सम्झिन्छु । उनीहरू भन्थे- 'सरकारसँग जति सुन छ त्यति मात्रै पैसा छाप्न पाउँछ रे !'

पछि गएर थाहा भयो, त्यो पनि आंशिक सत्य रहेछ । कुनै बेला संसारमा यस्तो चलन रहेछ । नेपालले भने यसलाई कहिल्यै अभ्यास गरेन । आजकल सामाजिक सञ्जालमा चर्चा पनि चलिरहेको छ- 'पञ्चायत बेलामा नेपाली रूपैयाँ कति मूल्यवान थियो, अहिले राष्ट्रघातीहरूले सबै बिगारे ।' छोरीसँग एक जना वयोवृद्ध आमाले सोध्छिन्, 'कुर्ता सुरूवालको दाम तीन हजार रूपैयाँ भनेको सस्तो हो कि महँगो ?' 'रामराम एक कप चियाको २० रूपैयाँ, धेरै महँगो भएन र, बाबु,' रोगले गालेर घरबाट बाहिर निस्किनै छोडेका छिमेकी बाले भन्न सक्नुहुन्छ । उल्लिखित सबै प्रसंग पैसाको भाउसँग जोडिएका छन् ।

पैसाबारे हाम्रो धारणा एकदमै सिधा छ । नोट भए हाम्रो जीवन धानिन्छ । नभए भोकै परिन्छ । धेरै पैसा भए झनै गजब ! हामीले देख्ने यो पैसा जति सरल छ, त्यति नै जटिल यसको चरित्र हुन्छ । यसको आधारभूत चरित्र सबैले बुझ्दैनन् । सर्वसाधारणलाई बुझिरहन जरूरी पनि पर्दैन । कुनै पनि देशको सरकारले भने पैसाको चरित्र जति नै जटिल भए पनि बुझ्नैपर्छ । यसलाई केलाएर सही नीति तर्जुमा र कार्यान्वयन गरिनुपर्छ । अनि जनजीवन समृद्ध हुन्छ । खान नसकिने यो पैसा भन्ने चिजको सही व्यवस्थापन हुन र गर्न नसक्दा धेरै मुलुकमा भोकभोकै परेर धेरै मान्छेले ज्यान गुमाएका छन् ।

तर नीति निर्माणको उपल्लो तहमा पैसाबारे बुझाइ सरल भएकै कारण हामीले पनि दु:ख पाइरहेकै छौं । हामी सर्वसाधारणदेखि नीति निर्मातासम्मको बुझाइ धेरै पैसा हुनेहरू धनी र नहुनेहरू गरिब हुन्छन् भन्ने हो । यस्तो हुँदो हो त गरिबी निवारण गर्न कति सजिलो हुन्थ्यो होला । पैसा छाप्न के दु:ख ! कसैले पैसा कम भएर जीवन गुमाउनु पर्थेन ! सरकारहरूले यस्तो गर्छन् त ? गर्दैनन् । कहिल्यै पनि गर्दैनन् भन्ने चाहिँ होइन । तीव्र आर्थिक मन्दीका बेलामा बढी पैसा छाप्ने काम गरिन्छ । कहिलेकाहीँ यसले संकट समाधान गर्नुको साटो झन् चर्को बनाइदिन्छ । ह्वामह्वाम पैसा छाप्दै बजारमा पठाउँदा अवस्था कस्तो हुन्छ भनेर बुझ्न जिम्बाबे भन्ने देशको उदाहरण हेरौं । केही वर्ष अघिसम्म जिम्बाबेमा एउटा अन्डा किन्न त्यहाँको अर्बौं डलर तिर्नुपर्थ्यो । सम्झिनुहोस् त एउटा अन्डा ल्याउन बोराभरि पैसा बोक्नुपर्ने ! अभाव भएपछि धमाधम पैसा छापेर बाँड्ने गर्दा जिम्बाबेले यो समस्या भोग्नुपरेको हो । पैसैपैसा भएपछि त्यसको भाउ कम हुँदै गयो । वस्तु तथा सेवा महँगो भए, ती किन्न धेरै पैसा चाहिने भयो । यस्तै समस्या भेनेजुयला, लेबनन, टर्की लगायतका मुलुकमा पनि छ । जर्मनीमा पनि प्रथम विश्वयुद्धपछि यही समस्या देखिएको थियो । त्यहाँको जनजीवन कष्टकर हुँदै गयो । यही समस्याले त्यहाँ तानाशाह हिटलरको उदयलाई सघाउ पुर्‍यायो ।

हिटलरका बारेमा त तपाईंहरू धेरैलाई थाहै होला । उसो भए कतिसम्म पैसा छाप्न मिल्ने हो ? बजारको मूल्य सन्तुलनमा राख्न मुलुकले कति पैसा छाप्न सक्छ ? पैसा छाप्ने जिम्मा देशको केन्द्रीय बैंकलाई हुन्छ । कति पैसा छाप्ने भन्ने निश्चित मापदण्ड भने छैन । सामान्य नियमअनुसार बजारमा उपलब्ध वस्तु तथा सेवा खरिद-बिक्री गर्न जति पैसा चाहिने हो, त्यति नै छाप्नुपर्छ । यसो गर्दा पैसाको भाउ स्थिर रहन्छ भन्ने मान्यता छ । यही आधारभूत मान्यतालाई ख्याल गरेर केन्द्रीय बैंकहरूले पैसा छाप्छन् ।

तर आधुनिक अर्थतन्त्रमा पैसाको मूल्य स्थिर राख्न यति कुरामा मात्रै ध्यान दिएर पुग्दैन । आयात र निर्यातको अवस्था, बैंकको प्रचलित ब्याज दर, बजारमा मुद्रा चलायमान हुने गति, सरकारको वित्त नीति (बजेट) लगायतका धेरै कुराहरू ख्याल गर्नुपर्छ । सामान्यतया अर्थतन्त्रको आकार (कुल गार्हस्थ्य उत्पादन) को आधारमा मुद्रा छापिन्छ । विकसित मुलुकमा कुल गार्हस्थ्य उत्पादनको दुईदेखि तीन प्रतिशतसम्म पैसा छाप्ने चलन छ । तीव्र आर्थिक उतारचढावका बेलामा पैसा छाप्ने यो अनुपात यतिमै कायम रहँदैन, घटबढ हुन्छ । कुन परिमाणमा छाप्ने भन्ने तय राजनीतिक निर्णयबाट गरिन्छ । विकासशील र अति कम विकसित मुलुकमा उल्लिखितभन्दा बढी अनुपातमा मुद्रा छापिन्छ । नेपाल राष्ट्र बैंकका अनुसार २०७७ असार मसान्तसम्म विभिन्न दरका पाँच खर्ब ८८ अर्ब रूपैयाँभन्दा बढीका नोट चलनमा थियो । गत एक वर्षमा राष्ट्र बैंकले ९५ अर्ब रूपैयाँ बराबरको नोट बजारमा थपेको छ ।

मुद्राले जस्तै काम गर्ने अरू मौद्रिक औजार (चेक, एक वर्षभन्दा कम अवधिका अल्पकालीन धितोपत्र लगायत) को उपलब्धता तथा प्रयोगले पनि पैसा कति छाप्ने भन्ने कुराको निर्धारण गर्छ । त्यस्तै कालो धनको प्रभाव पनि छापिने पैसाको परिमाण निर्धारण गर्ने अर्को तत्व हो । कति पैसा छाप्ने भनेर निर्धारण गर्ने आधारभूत विधिको सरल व्याख्याका रूपमा यो उदाहरण हेरौं । मानौं नेपालको अर्थतन्त्र भनेको एक क्विन्टल धान उत्पादन गर्ने हो । अब यो धान उत्पादक किसानको खेतबाट सजिलै र सस्तोमा उपभोक्ताको दैलोसम्म पुर्‍याउन कति पैसा चाहिएला ? अहिले सरकार (राष्ट्र बैंक) ले एक रूपैयाँको सिक्कादेखि एक हजार रूपैयाँसम्मको नोट छाप्दै आएको छ ।

एक क्विन्टल धान किन्न तीन हजार रूपैयाँ चाहिन्छ भने सरकारले हजारका तीन वटा नोट वा ५ सयका ६ वटा वा एक सयका ३० वटा नोट वा एक रूपैयाँको ३ हजार सिक्का छाप्न सक्छ । अब यसभन्दा बढी छापियो भने ? भनौं, तीन हजार पाँच सय रूपैयाँ बराबरको पैसा छापियो । अब त्यही एक क्विन्टल धान किन्न तीन हजार पाँच सय रूपैयाँ उपलब्ध हुन्छ । सामान उही, पैसा बढी ! त्यसो भए अर्थतन्त्रमा अतिरिक्त मूल्यको वस्तु तथा सेवा उत्पादन भएकै छैन भने सरकार किन बढी पैसा छाप्छ ? एकथरी सल्लाहकारहरू हुन्छन् जो सरकारलाई बढी पैसा छाप्ने सल्लाह दिन्छन् । पैसा छापेर बाँड्ने प्रियतावादी, चुनावमुखी, गैरजिम्मेवार सरकारहरू हुन्छन् । यस्ता सरकारलाई अधिक मुद्रा छपाइले भविष्यमा आइपर्ने दुष्परिणामको मतलब हुँदैन । अर्को उदाहरण हेरौं ।

मानौं, नेपालको जनसंख्या चार हजार छ र सरकारले एक रूपैयाँको सिक्का मात्रै छाप्छ । माथिको उदाहरणमा दिइएको धान किन्न प्रत्येकलाई एक-एक रूपैयाँ चाहिन्छ भन्ने मान्दा सरकारले त्यति बेला चार हजार सिक्का छाप्नै पर्छ । विकासशील मुलुकहरूमा मान्छे गरिबीबाट उत्रिएका छन् । उनीहरूको क्रयशक्ति बढेको छ । उनीहरू बढीभन्दा बढी वस्तु तथा सेवाको माग गर्छन् । उनीहरूलाई खरिदारीमा सहयोग पुर्‍याउन पैसा आवश्यक हुन्छ । त्यसैले पनि बढी छाप्नुपर्छ । यो अवस्थामा पनि जनसंख्या वृद्धिको तुलनामा वस्तु तथा सेवाको उत्पादन बढाउन सकिएन र पैसा मात्रै छापियो भने पैसाको मूल्य घट्छ ।

जसलाई अर्थशास्त्रको भाषामा मुद्रास्फीति भनिन्छ । अब अलि आधुनिक र जटिल अर्थतन्त्रको कुरा गरौं । यस्तो अर्थतन्त्रमा मुद्राको माग तथा आपूर्ति र उत्पादित वस्तु तथा सेवाको परिमाण समानुपातिक हुनुपर्छ । यस्तो अवस्थामा वस्तु तथा सेवाको मूल्य हरेक समय स्थिर रहन्छ । महँगी बढिहाल्यो भने त्यसको कारण अरू नै हुन्छ ।

एउटा अवस्थाको कल्पना गरौं, जहाँ सरकार दानी हुन्छ । सामान्यतया सरकारहरू करदाताको पैसामा दानी हुने गर्छन् । त्यस्तो दानी सरकारले सबै नागरिकको खातामा एक/एक करोड पठाउने निर्णय गर्छ र धमाधम पैसा छाप्छ । यस्तो अवस्थामा के होला ?

सबै जना पहिलेभन्दा एक-एक करोडले धनी हुने छन् । मोटरगाडी लगायत विलासी र अन्य उपभोग्य वस्तुको माग ह्वात्तै बढ्नेछ । तर अल्पअवधिमा वस्तु र सेवाको उत्पादन ह्वात्तै बढ्दैन । प्रविधिको विकास भएको हुँदैन । वस्तु तथा सेवाको अतिरिक्त माग पूर्ति गर्ने गरी तत्काल पुँजी, श्रम, कच्चा पदार्थ व्यवस्था गर्न सकिँदैन ।

असारमा रोपिएको धान पाक्न मंसिर सम्म त पर्खिनै पर्छ । उत्पादनका हरेक क्षेत्रमा यो कुरा लागू हुन्छ । यसबाहेक ढुवानी तथा वितरणका सीमितता पनि हुन्छन् । यसले पैसाको आपूर्ति र उपलब्ध वस्तु तथा सेवाबीचको सन्तुलन खल्बल्याइदिन्छ ।

पैसाको क्रयशक्ति घट्छ । धेरै पैसाले उपलब्ध थोरै वस्तु तथा सेवालाई पछ्याएको अवस्था भनेको चलनचल्तीको पैसाको मूल्यमा गिरावट हो । सबैको हातहातमा मूल्यहीन पैसा हुनु भनेको सबैजना गरिब हुनु हो ।

मुलुक वा नागरिक धनी हुनका लागि वस्तु तथा सेवाको उत्पादन बढ्नुपर्छ । उत्पादन लागत घट्नुपर्छ, प्रविधिको विकास हुनुपर्छ, उत्पादक र आपूर्तिकर्ताको प्रतिस्पर्धी क्षमता बढ्नुपर्छ । बढी पैसा छापेर, नाम मात्रैको आम्दानी बढाएर हामी धनी हुन सक्दैनौं । त्यसैले धमाधम पैसा छापेर सबैको हातहातमा पुर्‍याउनु अर्थतन्त्रका लागि हितकर हुँदैन । यस्तो गर्ने सरकारसँग हामी खुसी होइन दु:खी हुनुपर्छ । हामीलाई चाहिएको वास्तविक वस्तु तथा सेवा हो, कागजको खोस्टो वा धातुको ढ्याक होइन । - सेतोपाटी

# गुट जतातत‍ै काँग्रेस कतै न कतै



**तपराज जोशी**

मंसिर महिनाको कठ्यांग्रिने जाडोमा हिमाल, पहाड, तराई जतातत‍ै अत्यधिक चिसो महसुस भइरहेको छ । दिनप्रतिदिन जनजीवन कष्टकर बन्दै गइरहेको छ तर नेपाली कांग्रेसको महाधिवेशनलाई भने जाडोले छोएको छैन । यस अधिवेशनमा एउटा फरक दृश्य देखिएको छ । सबैजसा नेता, कार्यकर्ता राजनीतिमा आफ्नो बर्चस्व स्थापित गर्न आफैं नांगिन र सहकर्मी तथा सहयात्रीलाई पनि मौका पाएसम्म नंग्याउन तयार देखिन्छन् । यसको प्रमुख कारण भने एउटै देखिन्छ - त्यो हो दलभित्र व्यक्तिगत हैकम तथा पारिवारिक विरासत स्थापित गर्नु ।

आश्चर्य, नेपाली कांग्रेसको महाधिवेशन अन्तर्गत वडादेखि केन्द्रसम्म सम्पन्न गरिने आठमध्ये सातौं तहको निर्वाचन सकिँदासम्म पार्टीको नाम कहीं कतै आएन । पार्टीको नाम त उमेदवारका पर्चा र पम्प्लेटहरूमा मात्र देखिन्थ्यो ! प्राप्त जानकारीलाई आधार मान्ने हो भने केन्द्रीय महाधिवेशनमा पनि अग्र भागमा दल हुनेछैन गुट नै हुनेछ । केन्द्रमा पनि सिधै निर्वाचनको कार्यक्रम अघि बढाइने कांग्रेसको आधिकारिक तहबाट पटक पटक सम्प्रेषण जो भइसकेको छ । आफू पनि प्रत्यक्ष सहभागी भएर महाधिवेशनलाई नजिकबाट नियाल्दा यो अधिवेशन कांग्रेसभित्रका सबै विचार समूहको प्रतिनिधित्व गराउँदै वैचारिक मन्थन गर्ने, नेतृत्व चयन गर्ने र राष्ट्रिय विषयहरुमा आफ्नो दृष्टिकोण प्रस्तुत गर्ने थलोभन्दा पनि दुई प्रतिद्वन्द्वी समूहको सत्ता, शक्ति र धनको आडमा हैसियत प्रदर्शन गर्ने लडाइँको मैदानजस्तो देखियो । यस लडाइँमा कार्यकर्ताहरू निरीह देखिन्थे । मानौ उनीहरूसँग आफ्नो समूहको नेतृत्वकर्ताको पक्षबाट लड्ने र उनीहरुको आदेश पालना गर्नेबाहेक विचार सम्प्रेषित गर्ने, नेतृत्वलाई प्रश्न गर्ने र स्वतन्त्र अभिव्यक्ति दिने कुनै अधिकार छैन । उनीहरूको संलग्नता दलको सुदृढीकरण र नेतृत्व विकासका लागि नभई उनीहरूलाई क्रियाशील सदस्यता प्रदान गर्नेदेखि विभिन्न तहमा निर्वाचित गराइदिने र उनीहरूका सानातिना व्यक्तिगत आवश्यकता परिपूर्ति गरिदिने सीमित व्यक्तिको स्वार्थपूर्तिका लागिमात्र भएको देख्न सकिन्थ्यो । उनीहरू आफ्नो समूह र त्यसको नेतृत्वलाई इमानदारीपूर्वक मतदान गर्नमात्रै दलको सदस्य बनाइएका थिए ।

यो क्रम केन्द्रीय तहमा मात्र सीमित देखिँदैन । तल्लोभन्दा तल्लो तहमा समेत केन्द्रीय नेताहरूले आफ्नो प्रभुत्व स्थापित गर्न गुटलाई मलजल गरेको देखिन्छ । किनभने दल शक्तिशाली भए नेतृत्वले पनि दलको नीति, कार्यक्रम, विधानको पालना गर्नुपर्ने हुन्छ । दलको नेतृत्व जतिबेला पनि फेरिन सक्छ । तर, दलभन्दा आफू शक्तिशाली भए भने सधैं नेतृत्वमा रहिरहन पाइन्छ । अर्को पक्षले सजिलै चुनौती दिन सक्दैन । आवश्यक परे दलका नीति कार्यक्रम, विधिविधान सबै आफ्नो स्वार्थ अनुकूल हुनेगरी फेर्न सकिन्छ । गुट बलियो बनाउन सके दलभित्र मात्र होइन राष्ट्रिय राजनीतिमा समेत कसैले मन नपराउँदा पनि एकछत्र राज गर्न सकिन्छ भन्ने नेपाली राजनीतिमा स्थापित मान्यताले अचेल कांग्रेसमा पनि बलियै जरा गाडिसकेको देखिन्छ ।

गुट हुनु आफैंमा नराम्रो भने होइन । हरेक संगठनभित्र मन मिल्ने व्यक्तिहरूबीच सहकार्य हुनु पनि स्वाभाविकै मानिन्छ । हरेक दलभित्र मनमिल्ने, व्यवहार मिल्ने र विचार मिल्ने व्यक्तिहरूबीच पारस्परिक सहयोग आदानप्रदान हुन सक्छ । तर, गुट दलभन्दा शक्तिशाली वा दलको वैकल्पिक शक्तिका रूपमा स्थापित हुनु भने बहुदलीय राजनीतिका लागि हितकर देखिँदैन । नेपाली राजनीतिको बिडम्बना नै मान्नुपर्छ केही व्यक्तिले गुट चलाएको हुन्छ, गुटले दल चलाएको हुन्छ र दलले देश चलाएको हुन्छ । अर्थात्, समग्र राष्ट्रिय रजनीतिको शक्तिकेन्द्र केही सीमित व्यक्तिहरूमात्र भएको देखिन्छ । यसले प्रजातन्त्रको मूलभूत मान्यता 'जनताद्वारा जनताले जनताका लागि गरिने शासन'लाई नै चुनौती दिइरहेको छ । एउटा व्यक्ति र उसका आफन्त तथा परिवारका सदस्यहरूमा राज्यको शक्ति केन्द्रित भएका कारण राजतन्त्र समाप्त पार्दै गणतन्त्र स्थापित गरिएको थियो । तर, यसको ठीकविपरीत राजतन्त्रको विकल्प आफू बन्ने होडबाजी र त्यसका लागि वातावरण बनाउने काम दलबाटै भएको देख्न सकिन्छ । त्यसैले दलभित्र जुन किसिमको प्रजातान्त्रिक मूल्यमान्यतामा आधारित प्रतिस्पर्धा हुनुपर्ने थियो त्यो निषेधित हुँदै गइरहेको छ ।

दलगत राजनीतिका माध्यमबाट शासकीय भूमिकामा पुगेको नेता सबै नागरिकप्रति जबाफदेही बन्दै सबैलाई एकनासको व्यवहार गर्नुपर्नेमा ऊ आफ्नै दलका पनि अधिकांश कार्यकर्ताप्रति असहिष्णु देखिन्छ । परिणामस्वरूप सेवासुविधाको बाडफाँटको क्रममा पनि सक्षम र उत्कृष्ट व्यक्तिको खोजी हुनाको साटो आफ्नो गुटको सदस्यलाई मात्र भरणपोषण गर्ने गरेको पाइन्छ ।

छात्रवृत्तिमा विद्यार्थी विदेश पठाउँदा होस्, म्यानपावरमार्फत राम्रो ठाउँमा श्रमिक पठाउँदा होस्, राज्यका विभिन्न निकायमा नियुक्ति दिँदा होस् वा लाभका विभिन्न पद तथा अवसर प्रदान गर्दा सबैतिर गुटकै मान्छेको खोजी भएको पाइन्छ । यसरी हरेक कुराका लागि गुटकै मान्छेको खोजी गर्ने र आफ्नै दलका फरक मत राख्ने कार्यकर्तालाई पनि देखिनसहने नेतृत्वको प्रवृत्तिले जनमानसमा एउटा महत्त्वपूर्ण प्रश्न उब्जाएको छ - के यति संकीर्ण मानसिकता बोकेको नेतृत्वले देश र जनताको कल्याणका लागि केही गर्न सक्ला ?

सँगसँगै अरु प्रश्न पनि उठ्छन् - दलभित्र वैचारिक बहसलाई निषेध गरेर निर्वाचनलाई मात्र प्रमुखता दिनुको तात्पर्य के हो ? के नेपाली कांग्रेस वर्तमान राजनीतिक परिवेशप्रति अनभिज्ञ र उदासिन बन्न खोजेको हो ? के नेपाली कांग्रेसलाई राष्ट्रिय राजनीतिमा वैचारिक अगुवाइको आवश्यकता बोध नभएको हो ? राष्ट्रिय राजनीतिमा जुनसुकै विचार स्थापित भए पनि कांग्रेसले सत्ताप्राप्ति मात्र आफ्नो लक्ष्य बनाएको हो ? के गुटगुटबीचको लडाइँ र दलीय अस्तित्वको समाप्तितिरको यात्राको प्रमुख कारण सत्ता राजनीति नै हो ? हो भने, पक्कै पनि यो सामान्य नागरिकका लागि समेत सह्य हुनेछैन । किनभने कांग्रेस नेपाली जनताले स्थापना गरेको देशको पुरानो पार्टी हो । अझै पनि यो पार्टीमार्फत बीपीले नेपाली समाजलाई बाँडेका सपना पूरा भइसकेका छैनन् ।

प्रजातन्त्र आए पनि केही सीमित हुनेखाने वर्गका लागि मात्र आएको छ । सामान्य नागरिकले प्रजातान्त्रिक व्यवस्थाबाट प्राप्त हुने आधारभूत कुराहरू स्वतन्त्रता र समानता पनि प्राप्त गर्न सकेका छैनन् । जो बलियो छ उसले मात्र शासन गरेको छ । कमजोर वर्ग अझै पनि शासित नै छ । उपेक्षित छ ।

जनताको स्वार्थलाई केन्द्रमा राखेर शासकीय भूमिका निर्वाह गरिएको छैन । सत्तरी वर्षअघिदेखिका समस्या अझै समाधान हुनसकेका छैनन् । अशिक्षा, बेरोजगारी, गरिबी, असमानता आदिको दुश्चक्रभित्र नेपाली जनता पिरोलिइरहेकै छन् । नेतृत्व तहमा विपन्नतम नागरिकको प्रतिनिधित्व भएको पाइँदैन । राज्यसत्ता अझै पनि ठेकेदार, व्यापारी, उपल्लो वर्गका कर्मचारी, कालाबजारी, दलाल, गुण्डा आदिकै कब्जामा देखिन्छ ।

वर्तमान परिवेशमा सम्पन्न हुँदैगरेको नेपाली कांग्रेसको महाधिवेशनको सान्दर्भिकता राष्ट्रिय राजनीतिको यो वस्तुगत यथार्थसँग जोडिन नसक्नु र नेतृत्व हस्तान्तरणलाई मात्र प्रमुख विषय बनाइनु आफैंमा अनौठो एवम् अस्वाभाविक देखिएको छ । कांग्रेसलाई राष्ट्रनिर्माण एवम् परिवर्तनको संवाहकका रूपमा स्थापित गर्ने हो भने पार्टीका नेताहरुले गुटगत राजनीतिलाई निस्तेज पार्दै पार्टीभित्र सहकार्य, सहअस्तित्व र कार्यगत एकताको वातावरण सिर्जना गर्नु आवश्यक देखिन्छ ।

*- साभार: बाह्रखरी*

# अब बिरामी होइन, चिकित्सक पठाउँछ कर्णाली

काठमाडौँ (रासस)/ कुनै बेला कर्णालीमा चिकित्सक नभएर अकालमै मानिसको ज्यान जाने गर्दथ्यो । सामान्य ज्वरो आए पनि कर्णालीका मानिस उपचारका लागि नेपालगञ्ज र सुर्खेत जानुपर्ने वाध्यता थियो । तर अहिले त्यही कर्णालीमा दक्ष, विशेषज्ञसहितका सयभन्दा बढी चिकित्सकले विशिष्टकृत सेवा दिइरहेका छन् । अझ अर्को खुशीको कुरा त यो छ कि सिटामोल र जीवनजल नपाएर छट्पटाउने कर्णाली अहिले आफैँले अस्पताल र दक्ष चिकित्सक उत्पादन गरिरहेको छ ।

पहिले बिरामीको उपचार गर्न अस्पताल र चिकित्सक नभएर सुर्खेत र नेपालगञ्ज पठाउने गरेको कर्णालीले अहिले आफैँ दक्ष चिकित्सक उत्पादन गरेर देशका विभिन्न ठाउँमा पठाउने तयारीमा देखिन्छ । अहिले कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानले चिकित्सा शास्त्रमा स्नातक तह (एमबिबीएस) र एमडी अध्यापन गराएर दक्ष चिकित्सक उत्पादन गरिरहेको छ ।

प्रतिष्ठान स्थापना भएसँगै कर्णालीमा चिकित्सक पुगेर जनताले गुणस्तरीय स्वास्थ्य सेवासमेत पाइरहेका छन् । विसं २०६९ मा साविकको अञ्चल अस्पताललाई प्रतिष्ठानकै ३०० शैय्याको अस्पतालमा रुपान्तरण गरेपछि कर्णालीका जनताले सुर्खेत र नेपालगञ्ज आउनुपर्ने बाध्यता हटेको हो । विसं २०६८ मा ऐनमार्फत प्रतिष्ठान स्थापना गरेर सरकारले कर्णालीका जनतालाई स्वास्थ्य सेवा पुऱ्याइरहेको छ ।

प्रतिष्ठानले कर्णालीमा यसै वर्षदेखि चिकित्सा शास्त्रमा स्नातक तह (एमबिबीएस)को पढाइ सुरु गरेको छ । यही मंसिर १९ गतेबाट चिकित्सा शास्त्रमा स्नातक तह (एमबिबीएस) पढाइ सुरु गरिएको प्रतिष्ठानका उपकुलपति डा मंगल रावलले जानकारी दिए ।

**राष्ट्रपतिबाट शिलान्यास**

राष्ट्रपति विद्यादेवी भण्डारीले कर्णालीको जुम्लामा सञ्चालन भएको एमबिबीएस लगायतका शैक्षिक कार्यक्रमको उद्घाटन र चिकित्सा शिक्षाको शैक्षिक भवनको शिलान्यास गर्ने कार्यक्रम रहेको छ । यही मंसिर २६ गते राष्ट्रपति भण्डारीले एमबिबीएस लगायत शैक्षिक कार्यक्रम र शैक्षिक भवनको जुम्ला सदरमुकाम खलंगामा शिलान्यास गर्नुहुने उपकुलपति डा रावलले जानकारी दिए । करिब ६८ करोडमा बन्न थालेको शैक्षिक भवन दुईवटा पाँचतले हुनेछ ।

कर्णालीमा यही मंसिर १९ गतेदेखि एमबिबीएस २०, स्नातक तहमा नर्सिङ (विएन) २० र ब्याचलर अफ फार्मेसी (विफार्मेसी)मा २० जना विद्यार्थीको पढाइ सुरु भएको छ । विगत केही वर्षदेखि नै प्रवीणता प्रमाणपत्र तह नर्सिङ, हेल्थ असिस्टेन्ट, ब्याचलर अफ पब्लिक हेल्थ (बिपीएच) सुरु भइसकेको छ । यस्तै प्रतिष्ठानमा नै चिकित्सा शिक्षातर्फको स्नातकोत्तर तहको पढाइ पनि सुरु भएको छ । बालरोग, एनेस्थेसिया र एमडीको जनरल प्याट्रिक्समा (जिपी) गरी तीन विषयमा स्नातकोत्तर तहको पढाइ गत बर्षबाट सञ्चालन भएको प्रतिष्ठानका डिन डा रमेश भट्टराईले जानकारी दिए । उनका अनुसार अब प्रतिष्ठानमा चिकित्सा शिक्षामा विद्यावारिधि, नर्सिङमा स्नातकोत्तर तह र पब्लिक हेल्थमा स्नातकोत्तर तहको पढाइ सञ्चालनको तयारी भइरहेको छ ।

**प्रतिष्ठानमा विशेषज्ञ सेवा**

प्रतिष्ठानकै अस्पतालबाट बिरामीलाई विशिष्ट र विशिष्टकृत सेवा उपलब्ध गराइरहेको छ । प्रतिष्ठानमा अहिले नाम चलेका राम्रा विशेषज्ञ दक्ष चिकित्सकबाट विशिष्ट र विशिष्टकृत सेवा उपलब्ध गराइरहेको उपकुलपति डा रावलले बताए । छातीरोग, हाडजोर्नी, न्यूरो, बालरोग, स्त्री तथा प्रसूति, नाक, कान र घाँटी, आँखा, छालारोग, दन्त, मेडिसिन, जनरल सर्जरी, क्रिटिकल केयर, मानसिक रोग, फिजियोथेरापीजस्ता विशिष्ट र विशिष्टकृत सेवा प्रदान गर्दै आइरहेको छ । त्रिवि शिक्षण अस्पताल, वीर अस्पतालमा काम गरेका विशेषज्ञ चिकित्सक, प्राध्यापक अहिले प्रतिष्ठानमा रहेर काम गरिरहेका छन् ।

न्यूरोलोजिष्ट डा सुनन्द पौडेल, छातीरोग विशेषज्ञ डा अनुशस्मृति पाल, सघन उपचार विशेषज्ञ डा प्रवीण गिरी रहनुभएको छ । यस्तै मेसिनबाट पत्थरीको शल्यक्रिया, हाडजोर्नीका ठूलो शल्यक्रियालगायत ठूला शल्यक्रिया कर्णालीको प्रतिष्ठानकै अस्पतालमा हुने गर्दछ । "हामीले कर्णालीका जनतालाई जुम्लामा नै विशेषज्ञसहितको सबै स्वास्थ्य सेवा पुऱ्याइरहेका छौँ", डा रावलले भने, "अब हामीले कर्णालीका कुनै नागरिकलाई उपचार गर्न अन्यत्र सिफारिस गर्दैनौँ । हामी सबै सेवा यहीँ दिन्छौँ ।"

अहिले प्रतिष्ठानले दैनिक ४०० भन्दा बढी कर्णालीका जनतालाई सेवा उपलब्ध गराइरहेको छ । प्रतिष्ठालले कर्णालीका जनतालाई दुई किसिमले सेवा प्रदान गरिरहेको छ । एक प्रतिष्ठानकै अस्पतालमा बिरामीले उपचार गराइरहेका छन् भने अर्को प्रतिष्ठानले समय-समयमा घुम्ती शिविर राखेर सेवा प्रदान गरिरहेको छ । "संघीय, प्रदेश र स्थानीय तह सरकारको आग्रहमा हामीले समय-समयमा कर्णालीका जनताका घरमा पुगेर सेवा दिइरहेका छौँ", उनले भने, "वर्षमा कर्णाली प्रदेशका १३ वटा जिल्लामा घुम्ती शिविर सञ्चालन गर्दछौँ ।"

अहिले अस्पतालमा १२ स्थायी चिकित्सक र करारमा ७० चिकित्सक कार्यरत रहेका छन् । यस्तै प्रतिष्ठानमा करिब ४०० स्वास्थ्यकर्मीसहितका कर्मचारी रहेका छन् । प्रतिष्ठानका रजिष्ट्रार नृपेन्द्र महतले आफूहरूसँग सबै दक्ष विशेषज्ञसहितको चिकित्सक भए पनि उपकरण अभावका कारणले सबै सुविधा दिन नसकेको बताए । उनले एमआरआई र अन्य उपकरणको अभाव हुँदा कर्णालीका जनतालाई अझ सेवा दिन नसकेको बताए । पिछडिएको क्षेत्र कर्णालीमा स्वास्थ्य सेवा, स्वास्थ्य शिक्षा र अनुसन्धानको काम गर्ने भनेर प्रतिष्ठान स्थापना गरिएको हो र अहिले तिनै क्षेत्रमा प्रतिष्ठानले काम गरिरहेको छ ।

**स्वास्थ्य सूचांकमा प्रगति**

कर्णालीमा स्वास्थ्य सेवा पुगेकाले अहिले त्यहाँका मानिसको स्वास्थ्य सूचांकमा पनि प्रगति भएको छ । प्रतिष्ठान स्थापना भएसँगै गुणस्तरीय स्वास्थ्य सेवा पाएपछि कर्णालीको स्वास्थ्य सूचांकमा प्रगति भएको हो । प्रतिष्ठानको स्थापना भएसँगै ९६ प्रतिशत महिलाले गर्भवती जाँच गर्ने गरेको पाइएको छ ।

यस्तै ६२.३ प्रतिशत महिलाले दक्ष स्वास्थ्यकर्मी प्रसूति सेवा लिने गरेको जनस्वास्थ्यविद् डा माधव चौलागाईंले जानकारी दिए । जुम्लाका मात्र ८१ प्रतिशत महिलाले दक्ष स्वास्थ्यकर्मीबाट प्रसूति सेवा लिएको पाइएको छ । उनले प्रतिष्ठान स्थापना भएसँगै कर्णालीको स्वास्थ्यमा सुधार भएको बताए । उनका अनुसार झाडापखाला लागेर उपचार गर्न नपाएका ९८ प्रतिशत बालबालिकाले उपचार पाएका छन् ।

यस्तै कर्णालीका ९० प्रतिशत क्षयरोगका बिरामीले उपचार गरेर निको भएका छन् । जनस्वास्थ्यविद् डा चौलागाईंले बच्चालाई खोप, बाल मृत्युदर तथा मातृ मृत्युदर घटेको र संस्थागत सुत्केरी गराउने दर बढेको बताए ।

**स्वास्थ्य अनुसन्धान केन्द्र**

कर्णाली क्षेत्रको स्वास्थ्यको अनुसन्धान गर्नका लागि प्रतिष्ठानको 'इन्स्टिच्युट रिभ्यू बोर्ड' गठन गरिएको छ । सो बोर्डले कर्णाली क्षेत्रमा स्वास्थ्यको अध्ययन अनुसन्धान गर्नका लागि अनुमति दिने गर्दछ । उक्त बोर्डले कर्णाली क्षेत्रको स्वास्थ्यको पनि अध्ययन गर्दछ । यस्तै प्रतिष्ठानले आफैँ पनि जर्नल प्रकाशित गर्ने गरेको छ । कर्णाली क्षेत्रमा विभिन्न व्यक्तिले गरेका खोज, अनुसन्धान र बाहिर गरिएको अनुसन्धानलाई समेटेर चार/चार महिनामा जर्नल प्रकाशित गर्ने गरेको प्रतिष्ठानका डिन डा भट्टराई जानकारी दिए ।

**चिकित्सकद्वारा नेपालगञ्ज पुगेर सेवा**

कोरोना भाइरसको बेला कर्णालीका चिकित्सकले कर्णालीमा मात्र नभई नेपालगञ्जसम्म नै पुगेर बिरामीको उपचार गरेका थिए । नेपालगञ्ज कोरोना भाइरसको 'हटस्पट' बनेको बेला प्रतिष्ठानका चिकित्सक नेपालगञ्ज आई बिरामीको उपचार गरेका थिए । सघन उपचार विशेषज्ञ डा गिरीको नेतृत्वमा स्वास्थ्यकर्मी आई नेपालगञ्जस्थित भेरी प्रादेशिक अस्पतालमा कोरोना संक्रमित बिरामीको उपचार गरेका थिए । यस्तै रुकुममा डा अनुपमंगल समाल, मुगुमा डा. सिद्धार्थ खातीले कोरोना महामारीमा उपचार गरेका थिए । प्रतिष्ठानका उपकुलपति डा रावलले कर्णालीमा स्वास्थ्य सेवा र स्वास्थ्य शिक्षामा प्रतिष्ठानले कर्णालीको जनताको मानव विकास सूचांकमा परिवर्तन गर्न सकिने बताउँछन् ।

**उपकरण र सुविधाको अभाव**

प्रतिष्ठानमा चिकित्सकका लागि राम्रो बस्ने सुविधा छैन । तैपनि चिकित्सकले डेरामा बसेर कर्णालीका जनतालाई सेवा दिइरहेका छन् । यस्तै इन्टरनेट सेवा र विद्युत् सेवाको समस्या पनि जुम्लामा त्यत्तिकै रहेको छ ।

विद्युत् नहुँदा जेनेरेटरको भरमा अस्पताल सञ्चालन गर्नुपरेको प्रतिष्ठानका उपकुलपति डा रावलले बताए । यस्तै इन्टरनेटका लागि फाइवर दैलेखसम्म मात्र बिछ्याइएको छ । जसले गर्दा जुम्लामा राम्रोसँग इन्टरनेट सेवा पुगेको छैन । यस्तै बजेट अभावले चिकित्सकले उपचार गर्नका लागि आवश्यक उपकरणको पनि अभाव रहेको छ । उपकरण उपलब्ध गराउन प्रतिष्ठानले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा जानकारीसमेत गराइसकेको छ ।

**चिकित्सक टिकाउन भने गाह्रो**


चिकित्सकलाई पर्याप्त सुविधा नहुँदा उनीहरूलाई कर्णालीमै टिकाउन भने समस्या रहेको छ । चिकित्सकका बालबालिकलाई पढाउन राम्रो स्कुल, कलेजलगायत अन्य सुविधा नहुँदा चिकित्सकलाई टिकाउन गाह्रो भएको उपकुलपति डा रावलले बताए । अन्य प्रतिष्ठानको भवन संरचना तयार भइसकेपछि सञ्चालनमा आउने गर्दछ ।

तर कर्णाली प्रतिष्ठान भने भवन बन्दै गरेको अवस्थाबाट नै सञ्चालनमा आएको छ । अझै भवन बन्न केही समय लाग्छ । अहिले शैक्षिक भवन नबन्दा स्थानीयवासीको घर भाडामा लिएर कक्षा सञ्चालन, प्रयोगशाला र चिकित्सकको आवासीय कक्ष बनाइएको उनी बताउँछन् ।

कर्णाली प्रदेशका प्रदेश सांसद नरेश भण्डारीले प्रतिष्ठान स्थापना भएसँगै कर्णालीमा स्वास्थ्य युगको सुरुआत भएको बताए । उनले प्रतिष्ठान कर्णालीका विकास मोडल भएको भन्दै पिछडिएको क्षेत्रको लागि युगान्तकारी परिवर्तन भएको बताए ।

"पहिले नेपालगञ्ज र सुर्खेतमा बिरामी पठाउने कर्णालीले अहिले आएर त्यहाँ चिकित्सक पठाउने भएको छ", उनले भने, "कर्णालीका जनताले स्वास्थ्य सेवा मात्र पाएका छैनन् । कर्णलीले चिकित्सक पनि उत्पादन गर्न थालेको छ ।"

# मुलुकलाई निकास दिन कांग्रेस वैचारिक बहसमा केन्द्रित होस्: प्रतिपक्षी



काठमाडौँ (रासस)/ सहयात्री राजनीतिक दलले १४ औँ महाधिवेशनबाट मुलुकलाई हालको परिस्थितिबाट निकास दिनका लागि वैचारिक बहससहित सुस्पष्ट कार्यदिशाको मार्गचित्र घोषणा गर्न नेपाली कांग्रेसलाई सुझाव दिएका छन् ।

प्रमुख प्रतिपक्षलगायत दलले मुलुकमा लोकतन्त्र स्थापना गर्न भएका सबै आन्दोलनमा नेतृत्वदायी भूमिका खेलेको प्रजातान्त्रिक दल हुनाको नाताले नेपाली समाजले खोजेको मागलाई सम्बोधन गर्ने वैचारिक र राजनीतिक बहसमा केन्द्रित हुन कांग्रेसलाई आग्रह गरेका हुन् ।

कांग्रेसको आसन्न महाधिवेशनका सन्दर्भमा कुरा गर्दै प्रमुख प्रतिपक्ष दल नेकपा (एमाले)का उपाध्यक्ष सुवास नेम्वाङले मुलुकका प्रमुख तीन अंग प्रभावकारी नभएको परिस्थितिमा मुलुकलाई निकास दिन गम्भीररूपमा सोचेर नीतिगत बहस चलाउन सुझाव दिए । पूर्वसभामुखले भने, "संसद्ले काम गर्न सकेको छैन, न्यायपालिका ध्वस्तै छ, मुलुकमा अहिले धेरै विषय उठेका छन्, यस्तो अवस्थामा कांग्रेस महाधिवेशनको तयारीमा छ, उसले सोच्नुपर्छ, अहिलेको स्थितिबाट देशलाई कसरी बाहिर निकाल्ने भन्ने बारेमा ।"

कांग्रेसको अधिवेशन सफलताका लागि शुभकामना दिँदै एमाले संसदीय दलका उपनेता नेम्वाङले भने, "सबै राजनीतिक दलका अधिवेशन लोकतान्त्रिक विधि र प्रक्रियाअनुरुप सफलतापूर्वक हुनुपर्छ, यसले देशको संसदीय प्रणालीलाई बलियो बनाउँछ भन्ने मेरो मान्यता छ । यही मान्यतामा उभिएर कांग्रेसलाई मेरो शुभकामना रहन्छ ।" 'उत्साह, एकता र रुपान्तरण सफल बनाऔँ भन्ने नारा तय गरिएको कांग्रेसको १४औँ महाधिवेशन यही मंसिर २४ देखि २७ गतेसम्म काठमाडौँमा हुँदैछ ।

नेपालको प्रजातान्त्रिक दलका रूपमा विश्वमै पहिचान राखेको कांग्रेसले यसपटक महाधिवेशनका लागि प्रतिनिधि छनोटमा पार्टीको आन्तरिक जीवनमा लोकतन्त्रको उच्चतम अभ्यास गरेको छ । राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसीले जहानियाँ राणा शासन, प्रजातन्त्र र गणतन्त्र स्थापना, प्रतिगमनविरुद्धलगायत नेपालको प्रजातान्त्रिक आन्दोलनमा कांग्रेसको योगदान रहेको बताए । उनले भने, "कांग्रेस आन्दोलनको पक्षधर हो र यसले नेतृत्वका लागि मात्र नभएर नीतिमा बहस गर्नुपर्छ ।" लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)का नेता लक्ष्मणलाल कर्णले कांग्रेस देशमा एउटा प्रजातान्त्रिक पार्टीका रूपमा स्थापित रहेको बताए । सांसद कर्णले प्रजातन्त्र भनेको संसदीय व्यवस्था मात्रै भन्ने ठान्न नहुने र विकास अघि बढाउने सुस्पष्ट नीति र विचार हुनुपर्ने बताए । उनले नागरिक समानता र गरिबी निवारण नभएसम्म प्रजातन्त्रले स्थायित्व पाउन कठिन हुन्छ भन्ने विषयमा महाधिवेशनमा छालफल हुनुपर्ने बताए ।

मुलुकको अनुभवी दलका कार्यकर्ताका हैसियतले कांग्रेसका चार हजार ७०० प्रतिनिधिले शुक्रबार देखि सुरु हुने महाधिवेशनबाट नयाँ कार्यकालका लागि सभापति, उपसभापति र महामन्त्री दुई-दुई, सहमहामन्त्री आठसहित १३४ पदाधिकारी एवं सदस्यको चयन गर्ने छन् । नेपालको संसदीय अभ्यासमा निकै खारिएको कांग्रेसले विसं २०१५ को आमनिर्वाचनमा प्रतिनिधिसभामा ७३, २०४८ मा १११, २०५१ को उपनिर्वाचनमा ८३ र २०५६ मा पुन: १११ स्थानमा विजय हासिल गरेको थियो ।

मुलुकमा सशस्त्र संघर्षको शान्तिपूर्ण राजनीतिक रुपान्तरणका लागि निर्णायक भूमिका खेलेको कांग्रेसकै अगुवाइमा २३८ वर्ष लामो शाहवंशीय राजतन्त्र अन्त्य भएको थियो । राष्ट्रिय जनान्दोलन (२ को सफलतापछि पुन:स्थापित ३३० सदस्यीय व्यवस्थापिका (संसद्मा पनि सबैभन्दा ठूलो दलका रूपमा रहेको कांग्रेस विसं २०६४ मा ६०१ सिटका लागि भएको निर्वाचनमा भने ११४ सिटमा खुम्चिएको थियो । विसं २०७० को दोस्रो संविधानसभामा सबैभन्दा ठूलो अर्थात् २०७ सिटका साथ संसद्मा पुगेको कांग्रेसकै अगुवाइमा सात दशक लामो नेपाली जनताको चाहना र बलिदानको उपलब्धिका रूपमा संविधानसभाबाट संविधान जारी गर्न सफलता प्राप्त भयो । नेकपा (माओवादी केन्द्र) का नेता गिरिराजमणि पोखरेलले कांग्रेस नेपालको सामन्तवाद विरोधी आन्दोलनको संघर्षशील राजनीतिक दल भएको जनाउँदै विसं २०७२ को संविधान कांग्रेस र कम्युनिष्ट पार्टीबीच सहमतिको दस्तावेजका रूपमा जारी भएको बताए ।

सांसद पोखरेलले भने, "राणाविरोधी आन्दोलनका क्रममा स्थापना भएको कांग्रेस सहिद, जेलनेल भोगेको राजनीति हो । शासकीय स्वरुप र अरु केही प्रश्नमा मतभेद भए पनि अहिले पनि मिलेर सरकार चलाइरहेका छौँ ।" प्रतिगमनविरोधी आन्दोलनमा मिलेर नै संघर्ष गरिएको स्मरण गर्दै पूर्वमन्त्री पोखरेलले संविधानको रक्षा र लोकतन्त्रलाई अघि बढाउने सन्दर्भमा पाँच दलबीच मतैक्यता भएकै कारण अहिले पनि सरकारमा मिलेर काम गर्ने अवसर प्राप्त भएको प्रतिक्रिया दिए ।

अधिवेशनमा सक्रिय कांग्रेस कार्यकर्ताले वैचारिक बहस भने कम गरेकाले वैचारिक र राजनीतिक बहसमा केन्द्रित हुन सत्ताको नेतृत्व गरेको दललाई सुझाव दिए । विसं २०७४ को संसदीय निर्वाचनमा दोस्रो ठूलो दलका रूपमा ६३ सांसदसहित सदनमा प्रवेश गरेको कांग्रेसले पाँचदलीय गठबन्धनको नेतृत्व गर्दै सरकारको नेतृत्व लिन सफल भएको छ । पार्टीका पूर्वसभापति बिपी कोइराला, कृष्णप्रसाद भट्टराई, सुवर्णशम्शेर राणा, गणेशमान सिंह र महेन्द्रनारायण निधिलाई आदर्श व्यक्तिका रूपमा ग्रहण गर्ने कांग्रेसका सभापति गिरिजाप्रसाद कोइराला र सुशील कोइरालाले पनि मुलुकको राजनीतिमा विशिष्ट योगदान दिएका छन् । पूर्वमन्त्री फदयेश त्रिपाठीले नेपालको लोकतान्त्रिक आन्दोलनमा पटक पटक अगुवाइ गरेको कांग्रेस ऐतिहासिक राजनीतिक दल भएको प्रतिक्रिया दिए ।

उनले भने, "प्रत्येक राजनीतिक दलले महाधिवेशनमा वैचारिक बहस अघि बढाउनुपर्नेमा त्यसमा कमी आएकाले कांग्रेसले यस महाधिवेशनमा वैचारिक बहसलाई केन्द्रित गरोस् भन्ने शुभकामना र शुभेच्छा प्रकट गर्छु ।" संघीयता, गणतन्त्र, धर्मनिरपेक्ष, समानुपातिक समावेशी र समाजवादोन्मुख अर्थतन्त्रसहितको संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान जारी गर्ने श्रेयसमेत कांग्रेसले प्राप्त गरेको थियो । नेपाली राजनीतिमा लोकतन्त्रको पर्यायवाचीका रूपमा रहेको कांग्रेसले मुलुक हाँक्ने पटकपटक जिम्मेवारी प्राप्त गरे तापनि जनचाहनानुरुप विकासलाई अघि बढाउन नसकेको आरोप पनि खेप्दै आएको छ ।


## मकवानपुरगढी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

मकवान्चुली, मकवानपुर

बागमती प्रदेश, नेपाल

प्रकाशित मिति:२०७८/०८/२३

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

यस मकवानपुरगढी गाउँपालिकाको आ.व ०७८/०७९ को लागि बागमती प्रदेश सरकारको समपुरक तथा गाउँपालिकाको आन्तरिक कोषबाट यस गाउँपालिकाको विभिन्न वडामा सडक स्ल्याब ढलान तथा अन्य निर्माण कार्यको लागी मिति २०७८/७/९ गते प्रकाशित बोलपत्रमार्फत सडक निर्माण गर्न माग गरिए अनुसार पर्न आएको बोलपत्रहरु यस कार्यालयमा मिति २०७८/८/१०गते खोलिएको र उक्त बोलपत्रहरु उपर विभिन्न मितिमा बसेको बोलपत्र मुल्याङकन समितिको निर्णय अनुसार निम्न बोलपत्र न्युनतम मुल्याङकित सारभुत रुपमा प्रभावग्राही भइ स्वीकृतको लागी छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ र दफा ४७ को उपदफा १ को प्रयोजनार्थ सबै सिलबन्दी वोलपत्रदाताहरुको जानकारीको लागि यो ७ दिने सूचना प्रकाशित गरिएको छ ।

| क्र स | ठेक्का नं | विवरण | कवोल अङ्क | फर्मको को नाम | कैफियत |
|---|---|---|---|---|---|
| १ | MRM/NCB/ 02/2078/079 | PCC Slab Work on Phulbari Thati Tole Aaptar Ranisera | 5452949.68 (With Vat) | Karki Builders | |
| २ | MRM/NCB/ 10/2078/079 | PCC Slab Work on Budhichaur Ichung Sadak | 6588623.14 (With Vat) | Parajuli Nirman Sewa | |
| ३ | MRM/NCB/ 05/2078/079 | PCC Slab Work on Jyamire Khairani Jyamire Solithun Sadak | 5543381.72 (With Vat) | Seven Rainbows Construction | |
| ४ | MRM/NCB/ 3/2078/079 | PCC Slab Work on Samari Barbot Makranchuli Magardada Baily Bridge Sadak | 5252355.81 (With Vat) | Seven Rainbows Construction | |
| ५ | MRM/NCB/ 9/2078/079 | PCC Slab Work on Bhalukhola Chyafalbhyanjyang Bhalukhola Bagdali Sadak | 5615169.71 (With Vat) | Seven Rainbows Construction | |
| ६ | MRM/NCB/ 10/2078/079 | PCC Slab Work on Samari Pul Mankamana Makranchuli Sadak | 5266834.47 (With Vat) | Seven Rainbows Construction | |

प्रमुख प्रशासकीय अधिकृत



## प्रदेश लोक सेवा आयोग

बागमती प्रदेश

हेटौडा, मकवानपुर

### क्याटलग सपिङ्ग विधिबाट सवारी साधन खरिद सम्बन्धी शिलवन्दी प्रस्ताव आव्हानको सूचना

(प्रथम पटक प्रकाशित मिति: २०७८/०८/२३)

यस आयोगको आ.व. २०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार सवारी साधन, सार्वजनिक खरिद ऐन, २०६३ (पहिलो संशोधन २०७३) को दफा ८ उपदफा १ क. ८ तथा सार्वजनिक खरिद नियमावली, २०६४ (चौथो संशोधन) को नियम ३१ (ख) को उपनियम २ अनुसार खरिद गर्नुपर्ने भएकोले देहाय बमोजिमका न्यूनतम योग्यता पुगेका सवारी साधनको उत्पादक/अधिकृत विक्रेताले उत्पादनको आधिकारिक स्पेशिफिकेशन, गुणस्तर र कम्पनीको आधिकारिक मूल्य खुल्ने कागजात (क्याटलग वा ब्रोसर) संलग्न राखी तपशिलमा उल्लेख भए बमोजिम शिलबन्दी प्राविधिक एवम् आर्थिक प्रस्ताव दर्ता गराउनका लागि उत्पादक वा आधिकारिक बिक्रेताको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. शिलबन्दी प्रस्ताव सम्बन्धी कागजात यस कार्यालयवाट नि:शुल्क प्राप्त गर्न सकिनेछ ।

२. प्रस्ताव लिनका लागि इच्छुक इजाजत प्राप्त उत्पादक कम्पनी वा त्यसको आधिकारिक बिक्रेताहरुले आफ्नो फर्म/कम्पनी दर्ता स्थायी लेखा नम्बर/मूल्य अभिवृद्धि करदर्ता एजेन्सी दर्ता प्रमाणपत्र **Letter** या **Authorization** र आ.व. २०७७/७८ को आय करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रमाणित प्रतिलिपिहरू तथा फर्म कम्पनीको अनुरोधपत्र सहित सूचना प्रकाशित भएको मितिले १५(पन्ध्रौं) दिन (२०७८/०९/०८) कार्यालय समयभित्र यस आयोगमा उपस्थित भई प्राप्त गर्न सकिनेछ ।

३. यो सूचना प्रथम पटक प्रकाशित भएको १६ (सोह्रौं) दिन (२०७८/०९/०९) गते १२:०० बजेभित्र प्रदेश लोक सेवा आयोग, हेटौंडामा शिलबन्दी प्रस्ताव दर्ता गराइसक्नु पर्नेछ र दर्ता भएका प्रस्तावहरु सोही दिन दिनको १४:०० बजेपछि खोलिने छ ।

४. आयोगको मौजुदा सूचिमा सूचिकृत नभएका उत्पादक/आधिकारिक बिक्रेताहरुले मौजुदा सूचिमा सूचिकृत गराइ उल्लेखित शिलबन्दी प्रस्ताव पेश गर्न सक्ने छन ।

५. सवारी साधनको विस्तृत स्पेशिफिकेशन आयोगको वेबसाइट **ppsc.bagamati.gov.np** तथा आयोगको सूचना पाटीमा समेत हेर्न सकिने छ ।

| क्र.स. | ठेक्का नं. | सवारी साधनको नाम | संक्षिप्त विवरण | संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | ०५/०७८-७९ | 4WD JEEP TYPE VEHICLE | 4WD JEEP TYPE VEHICLE | १ | संक्षिप्त विवरणमा उल्लेख नभएका कुराहरु स्वीकृत Technical Specification बमोजिम हुनेछ । |

# घटना मोड्न खोजिएको भन्दै गाउँपालिका अध्यक्षको आपत्ति

साझाकुरा संवाददाता

हेटौंडा/मकवानपुरको राक्सिराङ गाउँपालिका-४ स्थित गिङ्गु खानीको विषयलाई लिएर भएको विभिन्न आपराधिक घटनालाई राजनीतिकरण गर्न खोजिएको भन्दै राक्सिराङ गाउँपालिका र रिद्धिसिद्धि सिमेन्ट उद्योग प्रशासनले चिन्ता व्यक्त गरेको छ ।

गाउँपालिका अध्यक्ष राजकुमार मल्लसहित उद्योगका प्रतिनिधिले पत्रकारहरुसँग भेटघाट गरी खानी सञ्चालनको लागि काम भइरहँदा खानीका महाप्रबन्धक माथि भएको कुटपिट, खानी क्षेत्रमा डोजर आगजनीका घटनादेखि ठेकेदार कम्पनीका प्रतिनिधिसम्मलाई कुटपिटको घटनालाई राजनीतिकरण गरी उम्कने प्रयास गरिएको भन्दै आपत्ति जनाइएको हो ।

राक्सिराङ गाउँपालिकाका अध्यक्ष राजकुमार मल्लले ढुङ्गा खानीको विषयलाई लिएर स्थानीय केही युवाहरुले गाउँमा आतंक मच्चाएको भन्दै खेद व्यक्त गरे । युवाहरुको जमातले खानीक्षेत्रमा तोडफोड गर्ने, ठेकेदार र रिद्धिसिद्धी सिमेन्ट उद्योगका प्रतिनिधिलाई कुटपिट तथा हातहतियार सहित बाटोमा अवरोध भइरहेको भन्दै अध्यक्ष मल्लले आपत्ति जनाए ।

‘गाउँमा खानीको निहुँमा



गुण्डागर्दी बडिरहेको छ । यसलाई समाधान गर्न प्रहरी प्रशासनलाई अनुरोध गरेका छौं । तर, केही राजनीतिक दलले भनेत्यही गुण्डागर्दीलाई संरक्षण गर्ने हिसाबले विज्ञप्ती निकालेर भ्रम छरिरहेका छन् ।’ अध्यक्ष मल्लले भने । खानी क्षेत्रको वास्तविक स्थानीयको माग सम्बोधनमा आफूहरुले विगतमा पनि समन्वयकारी भूमिका खेलेको र केही समस्या भए गाउँपालिकामा जानकारी गराउन उनले आग्रह गरे । ‘कुनै केही माग नै छैन । ठेकेदार र उद्योगसँग कमिशनको बार्गेनिङ गर्न आपराधिक कामहरु भइरहेको छ ।’ उनले भने । गाउँमा गुण्डागर्दी आतंक भएपछि प्रहरी प्रशासन पुग्दा प्रहरी आंतक भयो भनेर राजनीतिक दलहरुले झुठो विज्ञप्ती निकालेको गाउँपालिका अध्यक्ष मल्लले बताए ।

‘खानीक्षेत्रमा आफु र आफुनिकटले काम गर्न पाए ठिक हुने नपाए अवरोध जनाउने कार्यलाई राजनितिक दलले गरेको संरक्षण गर्नु हुँदैन । ४ नम्बर वडा अध्यक्षले खानी सञ्चालन गर्न आफैं सिफारिश गरेर पठाएका छन् । अहिले आफू अनुकुल भएन भनेर विज्ञप्ती जारी गर्दै खानी बन्द गर्नु भन्नु आपत्तिजनक छ ।’ मल्लले भने ।

रिद्धिसिद्धि सिमेन्ट उद्योगका खानीतर्फका महाप्रबन्धक गणेश कुमार सिंहले अपराध गर्नेहरुलाई राजनीतिक संरक्षण गर्ने प्रयास गरिएको भन्दै आपत्ति जनाए । ‘खानी क्षेत्रमा काम र कमिशन नदिएको भन्दै मलाई युवाहरुले कार्यालयमै आएर कुटपिट गरे । त्यही केटाहरुमाथि मैले मुद्धा पनि दर्ता गरेको छु । अपराध गर्नेहरुलाई उम्काउन राजनीतिक दलहरु नै लागेको देख्दा अचम्म लागेको छ ।’ सिंहले भने ।

कात्तिक १४ गते हेटौंडास्थित कार्यालयमा हातहतियार सहित आएका युवाहरुले सिंहमाथि आक्रमण गरी फरार भएका थिए । उनको कुमको हड्डी भाँचिएको छ भने शरीरका विभिन्न ठाउँमा चोट लागेको छ । त्यसैगरी गत मंसिर ७ गते पनि ठेकेदार कम्पनी बानियाँ निर्माण सेवाका प्रतिनिधि आरएन खतिवडामाथि युवाहरुले हात हतियारसहित आक्रमण गरे । आक्रमणबाट उनी घाइते भएका थिए । उनले पनि कुटपिट गर्ने युवाहरुको नामै किटेर प्रहरीमा उजुरी दिएका छन् । यस्तै बानियाँ निर्माण सेवाकै प्रतिनिधि नवराज खतिवडालाई पनि केही समयअघि खतिवडा र सिंहलाई हातपात गर्ने समूहले नै आक्रमण गरेको थियो । केही समयअघि खानी क्षेत्रमा एक्साभेटर पनि जलाइएको थियो ।

# मन्त्री भँडेलद्वारा मन्दिर उद्घाटन



साझाकुरा संवाददाता

हेटौंडा/हेटौंडा उपमहानगरपालिका वडा नम्वर ५ स्थित रुद्रेश्वर मन्दिर परिसरमा सुवेदी परिवारद्वारा निर्मित सिद्धि विनायक गणेश मन्दिरको उद्घाटन गरिएको छ ।

मंगलबार बागमती प्रदेशका भौतिक पूर्वाधार तथा विकास मन्त्री कृष्णलाल भँडेलले एक कार्यक्रमबीच उक्त मन्दिरको उद्घाटन गरेका हुन् ।

सो क्रममा प्रमुख अतिथिसमेत रहेका भडेलले कुनैपनि धर्म संस्कृतिको रक्षाका लागि दल विशेष वा राजनितिले फरक नपार्ने बताए । उनले धर्म संस्कृतिनै हाम्रो पहिचान भएकाले आफ्नो पहिचान कायम राख्नका लागि बागमती प्रदेश सरकार तयार रहेको स्पष्ट पार्दै विभिन्न धर्म र संस्कृति जोगाउन मठ, मन्दिर, चैत्य, गुम्बा, मस्जिद निर्माणमा कुनैपनि कन्जुस्याईं नगर्ने बताए ।

उनले रुद्रेश्वर मन्दिर परिरसलाई धार्मिक पर्यटकिय रुपमा विकास गर्न सकिने भएकाले आफ्नो मन्त्रालय र बागमती सरकारका तर्फबाट सहयोगका लागि पहल गर्ने विश्वास व्यक्त गरे । कार्यक्रममा बागमती प्रदेशका सांसद सन्त चेपाङले रुद्रेश्वर मन्दिर परिसरको विकासका यसअघिको प्रदेश सरकारले खासै चासो नदेखाएको दावी गर्दै सहयोग गर्ने बाचा गरे ।

यस्तै, हेटौंडा उपमहानगरापालिका वडा नम्वर ५ का वडा अध्यक्ष राजेश बानियाँले रुद्रेश्वर मन्दिर परिसरको विकासका लागि सहयोग गर्न आफु सधै तत्पर रहेको बताए । उनले छिट्टै आफ्नै लगानीमा शिव मन्दिर निर्माण सुरु गर्ने प्रतिवद्धता पनि व्यक्त गरे ।

रुद्रेश्वर मन्दिर व्यवस्थापन समितिका अध्यक्ष राजिव सुवेदीको सभाध्यक्षतामा भएको कार्यक्रममा नेपाली कांग्रेस हेटौंडा उपमहानगर समितिकी उपसाभापति डोल्मा स्याङ्बो, वडा नम्बर ८ का सभापति भुपेन्द्र कोइरालालगायत स्थानियको उपस्थिति रहेको थियो ।

कांग्रेस महाधिवेशनमा बागमती प्रदेश

# आठ सय ७८ ले मतदान गर्ने



साझाकुरा संवाददाता

हेटौंडा/नेपाली काँग्रेसको १४ औं महाधिवेशनमा बागमती प्रदेशबाट आठ सय ७८ प्रतिनिधिले भाग लिने भएका छन् । प्रदेशका १३ जिल्लाबाट आठ सय ७८ जना महाधिवेशन प्रतिनिधिले भाग लिन पाउने भएका हुन् ।

काँग्रेस निर्वाचन समितिले सार्वजनिक गरेको महाधिवेशन प्रतिनिधिले प्रारम्भिक सूचीअनुसार दोलखाबाट २७ जना प्रतिनिधि चयन भएका छन् । यस्तै रामेछापबाट पनि २७, सिन्धुलीबाट ५२, रसुवाबाट पनि २७ जना प्रतिनिधि चयन भएका छन् । रसुवाबाट जनता समाजवादी पार्टी (जसपा) का प्रदेशसभा सदस्यसमेत काँग्रेसको महाधिवेशन प्रतिनिधि चयन भएका छन् । उनी खुलातर्फबाट महाधिवेशन प्रतिनिधि चयन भएका हुन् ।

यसैगरी धादिङबाट ५४, नुवाकोटबाट ५३ प्रतिनिधि चयन हुँदा काठमाडौंबाट २ सय ६६ प्रतिनिधि चयन भएका छन् । काठमाडौंका १० निर्वाचन क्षेत्रबाट सो संख्यामा प्रतिनिधि चयन भएका हुन् । यसैगरी भक्तपुरबाट ५४, ललितपुरबाट ८२ जना प्रतिनिधि चयन भएका छन् । ललितपुरका ३ निर्वाचन क्षेत्रबाट यो संख्यामा प्रतिनिधि चयन भएका हुन् ।

यसैगरी काभ्रेबाट ५३, सिन्धुपाल्चोक र मकवानपुरबाट ५२/५२ जना प्रतिनिधि चयन हुँदा ७९ जना चितवनबाट चयन भएका छन् । बागमती प्रदेशमा भएको प्रदेश अधिवेशनमा देउवा पक्ष विजयी भएको थियो ।

# हेटौंडा-१५ र १६ मा सडक निर्माण सुरु

हेटौंडा/हेटौंडा उपमहानगरपालिका वडा नम्बर-१५ र १६ को चक्रपथ सडकलाई पक्की बनाउने काम सुरु गरिएको छ ।

हेटौंडा उपमहानगर पालिकाको एक करोड ७५ लाख रुपैयाँ लागतमा चक्रपथ सडक कालोपत्रे गर्न सुरु गरिएको हो । चक्रपथ सडक हटिया क्षेत्र र रातोमाटे क्षेत्रबाट अघि बढाइने छ ।

सडकको शिलान्यास बुधबार मेयर हरिबहादुर महतले गरेका हुन् । हेटौंडाको चक्रपथ सडकले यस क्षेत्रका धेरै वटा वडाहरु समेट्ने भएकाले यसलाई मुख्य प्राथमिकताका साथ काम सुरु गरिएको उनले बताए । चक्रपथ सडकमा अहिले रातोमाटे र हटिया दुबै क्षेत्रबाट काम सुरु गरिने मेयर महतले बताए । पहिले कच्ची सडकका कारण धेरै सास्ती बेहोर्दै आएपनि अब भने सहज हुने भएपछी स्थानीय वासिन्दाहरु खुसीसमेत भएका छन् ।

# थप दुई जनामा कोरोना संक्रमण

साझाकुरा संवाददाता

हेटौंडा/मकवानपुरमा बुधबार थप २ जनामा कोरोना भाइरस (कोभिड-१९) संक्रमण पुष्टि भएको छ ।

जिल्लामा पछिल्लो २४ घण्टामा २५ जनाको पीसीआर र एन्टिजेन परीक्षणमा उनीहरुमा कोरोना संक्रमण पुष्टि भएको जिल्ला जनस्वास्थ्य कार्यालय मकवानपुरले जनाएको छ । स्वास्थ्य कार्यालयका अनुसार, सो अवधिमा १८ जनाको पीसीआर र ७ जनाको एन्टिजेन परीक्षण गर्दा उनीहरुमा कोरोना पुष्टि भएको हो ।

संक्रमण पुष्टि हुनेमा हेटौंडा उपमहानगरपालिकाका एक जना र थाहानगरपालिकाका एक जना रहेका छन् । यससँगै जिल्लामा कोरोना संक्रमण पुष्टि हुनेको कूल संख्या १५ हजार ५ सय १० जना पुगेको छ ।

यस्तै, जिल्लामा पछिल्लो २४ घण्टामा थप ५ जना संक्रमणमुक्त भएका छन् । विभिन्न मितिमा संक्रमण पुष्टि भएका ५ जना आज संक्रमणमुक्त भएका हुन् । यससँगै जिल्लामा हालसम्म संक्रमणमुक्त हुनेको कुल संख्या १५ हजार २ सय ३१ जना पुगेका छन् ।

यस्तै, जिल्लामा हालसम्म संक्रमणका कारण १६६ जनाको मृत्यु भएको छ । जिल्लामा हालसम्म हेटौंडाका १ सय १८ जना, थाहानगरपालिकाका ९ जना, मकवानपुरगढीका ५ जना, बागमतीका ४ जना, कैलाशका २ जना, मनहरीका १४, भीमफेदीका ७, बकैयाका ५ जना र राक्सिराङ गाउँपालिकाका २ जनाको मृत्यु भएको छ ।

जिल्लाको इन्द्रसरोवर गाउँपालिकामा भने कोरोना संक्रमणका कारण हालसम्म कुनैपनि व्यक्तिको मृत्यु नभएको स्वास्थ्य कार्यालय मकवानपुरले जनाएको छ ।

# बृद्धाश्रममा खाद्यान्न सहयोग



साझाकुरा संवाददाता

हेटौंडा/निर्माण व्यवसायी संघ मकवानपुरले १४ औं राष्ट्रिय निर्माण दिवसका अवसरमा वृद्धाश्रममा खाद्यान्न वितरण गरेको छ ।

संघले बुधबार हेटौंडा उपमहानगरपालिका १७ स्थित श्रीमद्भागवत सञ्चार संघ, वृद्धाश्रममा चामल, दाल, विस्कुट लगायतका खाद्यान्न सामग्रीहरु एक कार्यक्रमका बीच हस्तान्तरण गरिएको हो ।

संघका प्रथम उपाध्यक्ष बालगोपाल कँडेलले कार्यक्रममा बृद्धाश्रमका अध्यक्ष लक्ष्मण कटुवाललाई खाद्यान्न सामग्रीहरु हस्तान्तरण गरेका थिए । कार्यक्रममा संघका महासचिव बालकुमार मल्लले संघले विभिन्न अवसर पारेर वृद्धाश्रमलगायतका संस्थाहरुलाई खाद्यान्नलगायत विविभ सहयोग गर्दै आएको बताए ।

कार्यक्रममा संघका द्वितीय उपाध्यक्ष सागर भट्टराई, उपमहाचिवद्वय भवनाथ अधिकारी र भीमसेन कर्माचार्य, सहकोषाध्यक्ष नवराज पाठक, कार्यसमिति सदस्यहरु गुरुप्रसाद दाहाल, सुरज बर्तौला, सागर कटुवाल, नवीन पराजुली, पूर्व कोषाध्यक्ष विनोद शर्मा, संघका थाहा नगर समितिका संयोजक राजनप्रसद ढकाल र बृद्धाश्रमका सचिव नवराज न्यौपानेको उपस्थिति रहेको थियो ।

संघका अध्यक्ष श्याम ढकालले संघले सामाजिक उत्तर दायित्व अन्तर्गत संघको स्थापना दिवस, राष्ट्रिय निर्माण निर्माण दिवसलगायतका अवसर सहयोग गर्दै आएको जानकारी दिए । श्रीमद्भागवत सञ्चार संघ वृद्धाश्रममा हाल छ जना आश्रित रहेका छन् ।

**मतदाता नामावलीमा नाम दर्ता गराउने सम्बन्धि**

**प्रदेश निर्वाचन कार्यालय, हेटौंडाको सूचना**

मतदाता नामावली संकलन विशेष कार्यक्रम, २०७८ अन्तर्गत २०७८ मंसिर १७ गतेदेखि २०७८ पौष २ गतेसम्म बकैया, मकवानपुरगढी, भिमफेदी, इन्द्रसरोवर र मनहरी गा.पा.को केन्द्रमा र २०७८ पौष ५ गतेदेखि २०७८ पौष १९ गतेसम्म बागमती, कैलाश, राक्सिराङ गा.पा. र थाहा न.पा. को केन्द्रमा र हेटौंडा उपमहानगरपालिकाको हकमा प्रदेश निर्वाचन कार्यालय र जिल्ला प्रशासन कार्यालयमा मतदाता नामावली संकलन कार्य हुने भएकाले मतदाता नामावलीमा नाम दर्ता गर्न छुटेका नेपाली नागरिकता प्राप्त व्यक्तिहरुले नागरिकता, बसाईं सराइ, विवाह दर्ता प्रमाणपत्रको सक्कल र फोटोकपी समेत लिई आ-आफ्नो स्थानिय तहको केन्द्रमा वा प्रदेश निर्वाचन कार्यालय र जिल्ला प्रशासन कार्यालय, हेटौंडामा गई नाम दर्ता गराउनु हुन अनुरोध छ ।

**पत्रिका नआएमा तुरुन्त ०५७-५२१११५ मा सम्पर्क गर्नु हुन अनुरोध छ ।**


**कर्मचारी आवश्यकता**

नयाँ व्यवस्थापनका साथ अमलेखगञ्जको जस्तै लोकल कुखुराको लगायत मासुको आइटम स्वाद लिइ हेटौंडा-३, बसामाडि स्थित सञ्चालनमा रहेको यस होटलको लागि निम्न बमोजिमका कर्मचारीहरु आवश्यक परेको हुँदा सम्बन्धित काममा दक्ष तथा अनुभवीले तुरुन्त सम्पर्क गर्नुहोला ।

तपशलि:

वेटर- १ जना, कुक- १ जना, हेल्पर १ जना

**तलब/सुबिधा: आपसी समझदारीमा तय गरिनेछ ।**

**होटल म्याक्स**

हेटौंडा-३, बसामाडी,

मो.नं. ९८४५०२५७२७

**HETAUDA CITY HOSPITAL PVT.LTD.**

*Hetauda-1, Sub-metropolitan*

***Phone: 057-520315***

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Medical Officer | 1 | Min Rs. 35000 | MBBS |
| 2 | Staff Nurse | Few | 14000-18000 | PCL/NHPC registered |
| 3 | Lab Technologist | 1 | 18000-25000 | BMLT/NHPC registered |
| 4 | CMA/ANM | Few | Negotiable | TSLC |
| 5 | Public Relations | 1 | 18000-250000 | BBS/BBA completed |
| 6 | Receiptionist | Few | Negotiable | +2 completed |


Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae within 10 days of the first publication of this notice.

**व्यक्तिगत घटना दर्ता**




**मकवानपुरगढी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय**

मक्रान्चुली, मकवानपुरगढी




**गोर्खाली ट्रेड एण्ड सप्लायर्स**

हेटौंडा-४, रजतजयन्ती,

फोन: ९८४१७७१६६४, ९८५५०३१६६४

**www.sajhakuranews.com सर्च गर्न नभुल्नुहोला ।**

*“तपाईं, हामी सबैको कुरा”*

साझाकुरा

हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।



**व्यक्तिगत घटना दर्ता**




**भीमफेदी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय**

बागमती प्रदेश, मकवानपुर


साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय: हेडम्बीचोक, हेटौंडा-१, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना, हेटौंडा-१, चौकीटोल